ट्राउटमा लाग्ने कक्सीडियोसिस (पहेंलो दिशा हुने) रोग र उपचार विधि

कक्सीडियोसिस रोग लाग्ने कारण

- यो रोग ईमेरिया परजीवी को प्रजातिबाट हुन्छ ।



चित्र १. इमेरिया औराटी परजिवी

- ट्राउट पालिएको रेसवे पोखरीको पानीको तापक्रम, पी.एच, अक्सिजन तथा कार्बनडाइ-अक्साईडको अत्यधिक उतार चढाव भएको अवस्थामा ।
- रेसवे पोखरीमा दाना, माछाको दिसा आदिको थिग्र्यान लामो समय सम्म जम्मा रहेको अवस्थामा ।
- माछालाई अत्यधिक चलाउँदा (माछा झिक्ने, ग्रेडिङ्ग (grading), ओसार पसार आदि) ।

माथि उल्लेखित कारणहरूले माछाको सहनशक्ति क्षिण भई यो रोग लाग्न सक्दछ। यो रोग हुर्काउला तथा कम उमेरको माछामा बढी देखा पर्दछ ।

लक्षणहरू

- माछा सुस्त, कमजोर र कालो हुदै जान्छ ।
- माछाले दाना खान रूचाउँदैन ।
- रोगी माछाको बृद्धि दर घट्दै जान्छ र माछा दुब्लो हुदै जान्छ ।
- संक्रमित माछाको पेटमा हल्का दवाव दिना साथ पहेँलो पातलो झोल मलद्धारबाट बाहिर निस्कन्छ ।

चित्र २.: संक्रमित कालो रंगको ट्राउट र पहेँलो आंद्रा

उपचार

- यस रोगको लागि एम्प्रोल सबैभन्दा प्रभावकारी औषधी हो ।
- एक किलोग्राम माछाको वजन बराबर १०० मि. ग्रा. एम्प्रोल वा काक्ट्रिट ई. पीं माछाको पेलेट दानामा तेल वा पानी संग मिसाई खुवाउनु पर्दछ ।

चित्र ४. संक्रमित ट्राउटको लागी औषधी र खाने तेल मिसाएर बनाईएको दाना

- सम्भव भएसंम्म विहानपखको पहिलोपटक दिने आहारामा मिलाई दिनु पर्दछ ।
- औषधि दिंदा शुरूको ३ दिन दिएपछि, २ दिन रोक्नु पर्दछ । त्यस उपरान्त ४ देखि ६ दिन सम्म लगातार दिनु पर्दछ ।
- पानीको गुणस्तर नियन्त्रित राख्नु पर्दछ ।
- रेसवे पोखरीहरूको नियमित सरसफाई गर्नु पदर्छ
- संक्रमण भई मरेका माछालाई रेसवे पोखरीबाट भिकि जमिन मुनि गाड्नु पर्दछ ।

चित्र ५. उपचार पछि स्वस्थ्य माछा

थप जानकारीको लागि

अमिलाषा झा
प्राविधिक अधिकृत (टि-६)

आशा रायमाझि
बैज्ञानिक (एस-२)

मत्स्य अनुसन्धान महाशाखा
गोदावरी, ललितपुर